- नमूना सङ्कलन गर्ने भाँडालाई ४५ डिग्रीको कोणमा ढल्काएर नमूना सङ्कलन गर्नुपर्दछ ।
- थुनेलो रोगमा एन्टिबायोटीक औषधी दिनु अगाडि नै दूधको नमूना सङ्कलन गर्नुपर्दछ ।
- छुट्टाछुट्टै थुनको नमूना छुट्टाछुट्टै भाँडामा सङ्कलन गर्नुपर्दछ। यसरी नमूना लिदाँ हरेक थुनबाट भाँडा नभरिने गरि कम्तिमा ५ देखि १० मिलिलिटर दूध सङ्कलन गर्नुपर्दछ ।
- नमूना लिई सकेपछि नमूना सङ्कलन गरिएको भाँडाको बाहिरपट्टि नमेटिने गरि राम्ररी विवरणहरु उल्लेख (लेबलिङ) गर्नुपर्दछ । यसरी लेबलिङ गर्दा अगाडिको दाँयाको थुन भएको भाडामा RF, अगाडिको बायाँको थुन भएको भाडामा LF, पछाडिको दाँयाको थुन भएको भाँडामा RR र पछाडिको बायाँको थुन भएको भाँडामा LR लेख्नुपर्दछ । एकै पटकमा धेरै पशुको दूधको नमूना पठाउँदा दूध सङ्कलन गरिएको पशुको विवरणहरु जात, वेत, उमेर र Tag नम्बर उल्लेख गर्नुपर्दछ ।
- नमूना सङ्कलन गर्ने क्रममा र सङ्कलन पछि प्रयोगशालासम्म पुऱ्याउँदा चिसो अवस्थामा राख्ने व्यवस्था मिलाउनु पर्दछ । यसको लागि दूधको नमूनालाई एउटा प्लाष्टिकमा बेरेर आइस बक्स वा बरफ भएको प्लाष्टिकमा राखेर दूधको नमूनालाई ढुवानी गर्नुपर्दछ।
- सकेसम्म जतिसक्यो छिटो नजिकको प्रयोगशालामा पुऱ्याउनुपर्दछ ।

**थप जानकारीका लागि:**


**पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा**

फोन: ०६१-५७५८६३, ०१६-५७०४१९

इमेल: rvl.pokhara@gmail.com


**पशुहरुलाई रोगबाट मुक्त राखी आम्दानी बढाऔँ । पशुको स्वास्थ्य व्यवस्थापनको लागि नियमित रुपमा प्रयोगशाला परीक्षण गर्ने गरौं ।**

# थुनेलो रोग परीक्षणको लागि दूधको नमूना संकलन तथा प्रयोगशालामा पठाउँदा ध्यान दिनुपर्ने कुराहरु




नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना**

**विकेन्द्रीकृत आयोजना सहयोग इकाई**

**पोखरा**

२०८१ असार

## परिचय

- थुनेलो उच्च दूध उत्पादनशील गाई भैंसीमा लाग्ने एक महत्वपूर्ण रोग हो। थुनेलो रोगलाई पशु रोग मध्येको सबैभन्दा महंगो रोगको रुपमा लिने गरिन्छ । यस रोगले ग्रस्त दुधालु पशुहरुमा दूधको उत्पादन घट्ने हुनाले किसानहरुले आर्थिक हिसाबले निकै नै क्षति बेहोरी राखेका हुन्छन् । यसले विश्वभरीको दुग्ध व्यवसायलाई धराशायी बनाएको छ ।
- सामान्य भाषामा थुनेलो भन्नाले थुन तथा कल्चौंडोको संक्रमणलाई जनाउँछ । यस रोगका कारण दूधमा भौतिक, रसायनिक र शुक्ष्म जैविक परिवर्तन तथा दूध उत्पादन घट्ने, गुणस्तर बिग्रने र कहिलेकाहीँ दुहुना पशु सधैंको लागि अनुत्पादक समेत हुनाले यो रोग संवेदनशिल रहेको छ । थुनेलो रोग धेरै उत्पादन दिने पशुहरु मुख्यतया क्रसब्रिड (होलस्टिन, जर्सी, मुर्रा आदि) मा बढी देखिन्छ।
- कल्चौंडो वा थुनभित्र किटाणु, जीवाणु, बिषाणु र ढुसीहरु प्रवेश गरेमा (जस्तैः स्टाफाइलोकोकस्, स्ट्रेप्टोकोकस, इ-कोलाई, माइकोप्लाज्मा आदि), गलत तरिकाले दूध दुहेमा, पशुलाई फोहोर गोठमा राखेमा, दूध पुरा ननिखारेमा, गोठमा पर्याप्त हावा ओहोर दोहोर हुने ठाँउ नभएमा, फोहोर हातले दूध दुहेमा थुनेलो रोग लाग्ने सम्भावना हुन्छ ।
- लक्षण देखिने खालको थुनेलो (Clinical Mastitis) मा दूध पातलो वा पानी जस्तो पहेंलो रंगको, रगत मिसिएको, दही जस्तो, पिप मिसिएको लेग्रा वा छोक्रा आउने हुन्छ । यस्तैगरी यस अवस्थामा थुन तथा कल्चौंडो रातो, तातो, सुन्निएको हुने र दुख्ने भई पशुले थुन समाउन नदिई उफ्रिने, थुनमा गिर्खा, गाँठो देखापर्ने, साह्रो हुने, दूध कम आउने वा नआउने हुन्छ । अन्त्यमा उपचार सफल नभएमा कल्चौंडो ढुंगा जस्तो साह्रो भई दूध बन्द हुन्छ । थुनेलो एउटा वा सबै थुनमा एकै पटक वा क्रमैसँग लाग्न सक्छ ।
- आँखाले नदेखिने खालको थुनेलो (Sub Clinical Mastitis) मा थुनेलो रोग बाहिरबाट थाहा पाईदैन, तर पशुले क्रमशः कम दूध दिँदै जान्छ । दूधको प्रयोगशाला परीक्षणबाट यस्तो थुनेलो पत्ता लगाउन सकिन्छ ।

## दूधको नमूना संकलन र पठाउने तरीका

- थुनेलो रोगको कारण एकातिर ७० % सम्म दूध घट्छ भने अर्कोतिर समयमै यो रोगको निदान र सही उपचार हुन नसके किसानको ठुलो धनराशी खर्च हुन्छ । दूधमा हुने हानिकारक किटाणुहरु र थुनेलोको प्रभावकारी औषधी पत्ता लगाउनको लागि उचित तरिकाले दूधको नमूना सङ्कलन गरी प्रयोगशालामा परीक्षणको लागि पठाउन अति नै आवश्यक हुन्छ । यसरी प्रयोगशालामा परीक्षण गराउन लिईने दूधको नमूना सङ्कलन सहि तरिकाले नगरिएमा परीक्षणको नतिजामा असर गरी उपचार समेत निष्प्रभावी हुन सक्दछ । त्यसैले थुनेलो रोग निदानका लागी उपयुक्त तरिकाले दूधको नमूना सङ्कलन गर्नु पर्दछ । नमूना सङ्कलन गर्दा र सङ्कलन गरेर प्रयोगशालामा पठाउँदा निम्न कुराहरुमा ध्यान दिनुपर्दछ ।
- दूधको नमूना सङ्कलन गर्दा प्रयोग हुने सबै उपकरणहरु निर्मलिकरण भएको हुनुपर्छ अथवा तातो पानीमा कम्तिमा ५ मिनेट उमालेको हुनुपर्दछ ।
- नमूना सङ्कलन गर्नु अघि पशुलाई र खासगरी कल्चौडो तथा थुनलाई राम्ररी सफा गर्नुपर्दछ । कल्चौडो धोइसकेपछि सफा कपडाले पुछ्नुपर्दछ।
- नमूना सङ्कलन गर्ने व्यक्तिले पनि आफ्नो हात साबुनपानीले राम्ररी धोएर सकेसम्म स्प्रिटले पुछ्नुपर्छ वा पञ्जा प्रयोग गर्नु पर्दछ । साथै मास्क लगाउनुपर्दछ।
- नमूना सङ्कलनका लागि प्रयोग गर्ने भाँडाहरु सकेसम्म सिसाको हुनुपर्दछ । सकेसम्म ठूलो मुख भएको भाँडा प्रयोग गर्नुपर्दछ।
- नमूना सङ्कलन गर्ने भाँडाको बिर्को नमूना सङ्लन गर्नु अगाडि मात्र खोल्नुपर्दछ ।
- नमूना सङ्कलन गर्ने भाँडाको बिर्को भुईंमा राख्नु हुँदैन र बिर्को खोलेर सफा ठाउँमा राख्नु परेमा उल्टो पारेर राख्नुपर्दछ ।
- दूधको नमूना लिँदा पहिलो र दोस्रो सर्को फालेर त्यसपछिको सर्को मात्र सङ्कलन गर्नुपर्दछ ।

लेखनः डा. किरण पाण्डे
वरिष्ठ पशु चिकित्सक, पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा